गरुडा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेश प्रदेश, नेपाल

शिलवन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२८ गते

यस कार्यालयको लागि शिलवन्दी बोलपत्रको माध्यम बाट सामुदायिक विधालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि आपूर्ति गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले निम्नानुसारको शर्तको अधिनमा रही नियमानुसारको बोलपत्र आव्हान गरिन्छ।

१. शिलवन्दी बोलपत्र सम्बन्धि कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन सम्म चालु आ.व. को लागि नविकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिबृद्धि कर तथा आ.व. २०८२/०८३ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु.३,०००/- (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समय भित्र यस कार्यालय बाट शिलवन्दी बोलपत्र खरिद गर्न सकिनेछ।

२. बिक्री भएको शिलवन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित मितिले २२ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, शिलवन्दी बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ। दर्ता भएका बोलपत्र २२ औं दिन दिनको २:०० बजे शिलवन्दी बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा वा निजहरुको उपस्थिति नभए पनि कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

३. शिलवन्दी बोलपत्र दाताले जमानत वापतको रकम यस कार्यालयको एन आई सी एशिया बैंक लि. गरुडा नगरपालिका गरुडा स्थित धरौटी खाता नं. 01CA052591852403, कार्यालय कोड नं. ८०१०२२००४२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा शिलवन्दी बोलपत्र दाखिला हुने अन्तिम मिति बाट ९० दिन म्याद भएको 'क' वर्ग को मान्याता प्राप्त बैंक बाट यस कार्यालयको नाउँमा जारी गरिएको सक्कल बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।

४. शिलवन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु सो को भोली पल्ट हुनेछ।

५. शिलवन्दी बोलपत्रमा दररेट भर्दा (मू.अ.कर बाहेकको) अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

६. शिलवन्दी बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ दोस्रो संसोधन बमोजिम हुनेछ।

८. शिलवन्दी बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा बुझ्न सकिनेछ।

बोलपत्र नं.	कार्यको विवरण	ल.ई.रु. (मू.अ.कर बाहेक)	धरौटी रकम रु.	कैफीयत
७/२०८३/०८४	सामुदायिक विधालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि आपूर्ति	२८,८५,८०३/९०	७९,४००/-	1.Length: 240±20mm; Width: 60 to 75 mm; Thickness: 15mm±2mm. 2. Pure cotton or plant-based cellulose raw.

.....

नागेन्द्र राय यादव

ईन्जिनियर